# धुलिखेल नगरपालिका

## काभ्रेपलाञ्चोक, बागमती प्रदेश

# स्थानीय राजपत्र

खण्डः ३   संख्याः २   मितिः २०७६/११/१५

## भाग १

## धुलिखेल नगरपालिका सवारी तथा यातायात व्यवस्था ऐन, २०७६

नगर सभावाट पारित मितिः२०७६/११/११

प्रमाणिकरण मितिः२०७६/११/१५

**प्रस्तावना:**

धुलिखेल नगरक्षेत्रमा नागरिकलाई सरल एवं सुलभ ढंगवाट सार्वजनिक यातायात सेवा उपलव्ध गराउन तथा यातायात सेवालाई सुरक्षित, विश्वसनीय, सक्षम र प्रभावकारी वनाउने विषयलाई ब्यवस्थित गर्ने सम्बन्धमा कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी , नगरपालिकाको स्थापनाको ३४ औं वर्षमा धुलिखेल नगरसभाले यो ऐन बनाएको छ ।

## परिच्छेद १

## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम " **धुलिखेल नगरपालिका सवारी तथा यातायात व्यवस्थापन ऐन २०७६**" रहेको छ ।

**२. परिभाषा: विषय र प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा:**

(क) "अधिकार प्राप्त अधिकारी" भन्नाले नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्दछ । सो शब्दले यातायात व्यवस्था हेर्नको लागि तोकिएको शाखाको अधिकृत कर्मचारी समेतलाई जनाउँछ ।

(ख) "ऐन" भन्नाले " सवारी तथा यातायात व्यवस्थापन ऐन २०७६ सम्झनु पर्दछ ।

(ग) "कार्यालय" भन्नाले नगर कार्यपालिकाको कार्यालयलाई सम्झनु पर्दछ । "नगरपालिका" भन्नाले धुलिखेल नगरपालिकालाई सम्झनु पर्दछ ।

(घ) "कार्यपालिका" भन्नाले धुलिखेल नगर कार्यपालिकालाई सम्झनु पर्दछ ।

(ङ) "तोकिएको" वा "तोकिए वमोजिम" भन्नाले यो ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिएबमोजिम सम्झनु पर्दछ ।

(च) "नगर सभा" भन्नाले धुलिखेल नगरपालिकाको नगर सभा सम्झनु पर्दछ ।

(छ) "समिति" भन्नाले दफा ५९ बमोजिम गठित समितिलाई सम्झनु पर्दछ ।

(ज) सवारी साधन भन्नाले रिक्सा, अटोरिक्सा, टेम्पो लगायतका साना सवारी तथा राष्ट्रिय राजमार्ग वाहेकका स्थानीय सडकमा चल्ने तीनपाङ्ग्रे, चारपाङ्ग्रे यात्रुवाहक सवारी साधन सम्झनु पर्दछ ।

## परिच्छेद २

## सवारी साधन अभिलेख सम्बन्धी व्यवस्था

३. **सवारी साधनको अभिलेख राख्नु पर्ने** नगरपालिका भित्र चल्ने राष्ट्रिय राजमार्ग बाहेकका छोटो दुरीको सवारी साधनहरुको नगर कार्यपालिकाको कार्यालयले अभिलेख राख्नु पर्नेछ ।

४. **अभिलेख दर्ता गराउनु पर्ने** (१) नगरपालिका भित्र चल्ने छोटो दुरीको सवारी साधनहरुले अनिवार्य रुपमा नगर कार्यपालिकाको कार्यालयमा आवश्यक कागजात सहित अभिलेख दर्ताको लागि निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम सवारी अभिलेख दर्ता गराउनको लागि निवेदन परेमा कार्यालयले त्यस्तो सवारी साधनको अभिलेख दर्ता गरी अनुसुची १ बमोजिम अभिलेख दर्ता प्रमाण पत्र दिनुपर्नेछ ।

५. **सवारी प्रवेश दर्ता अभिलेख राख्नु पर्ने:** नगरपालिका भित्र चल्ने छोटो दुरीको सवारी साधनहरुको नगर कार्यपालिकाको कार्यालयले सवारी प्रवेश दर्ता अभिलेख राख्नु पर्नेछ ।.

६. **सवारीको अभिलेख नामसारी :** (१) यस कार्यविधि वमोजिम अभिलेख दर्ता भएको सवारी धनीले आफ्नो सवारी अरु कसैलाई विक्री गरी वा अन्य कुनै किसिमले स्वामित्व हस्तान्तरण गर्नु पर्ने भएमा पैतिस दिनभित्र सो सवारी अभिलेखको नामसारीको लागि निवेदन दिनुपर्नेछ ।

(२) सवारी धनीको मृत्यु भई जसको नाममा स्वमित्व हस्तान्तरण हुनुपर्ने हो सो हकवालाले सवारी धनीको मृत्यु भएको मितिले नब्बे दिनभित्र सवारी धनीको मृत्यु दर्ता प्रमाण पत्र सवारी दर्ताको प्रमाणपत्र र सवारी साधन कर तिरेको प्रमाणपत्र, वडाको सिफारिस तथा आफू सबभन्दा नजिकको हकवाला हो भन्ने कुराको प्रमाण समेत संलग्न राखि सो सवारी साधनको अभिलेख आफ्नो नाममा नामसारी गराउन कार्यालयमा निवेदन दिनुपर्ने छ ।

(३) उपदफा (१) र (२) बमोजिम नामसारीको लागि निवेदन परेमा अधिकार प्राप्त अधिकारीले आवश्यक छानविन गरी अनुसुची २ बमोजिमको ढाँचामा अभिलेख दर्ता प्रमाणपत्रमा नामसारीको व्यहोरा जनाई नामसारी गर्नु पर्नेछ ।

(४) अभिलेख दर्ता नगरी सवारी चलाइएको पाईएमा नगरपालिकाले त्यस्ता सवारी चलाउनमा रोक लगाई तोकिएको दण्ड जरिवाना समेत असुल गरिनेछ ।

## परिच्छेद ३

## यातायात व्यवस्थापन

७. **सडक मार्ग निर्धारण गर्ने :** समितिको निर्णयानुसार नगरपालिकाले उपयुक्त देखेको ठाउँमा आवश्यकता अनुसार सार्वजनिक सवारीलाई यातायात सेवा सञ्चालन गर्न मार्ग वा रुट निर्धारण गरी सो को सुचना सर्वसाधारणको जानकारीको लागि सार्वजनिक रुपमा प्रकाशित गर्नेछ ।

८. **नमूना मार्ग निर्धारण गर्ने :** उत्पादन वा एसेम्बल हुने वातावरणमैत्री सवारी साधन खरिद गरी सञ्चालन गर्ने ब्यक्ति, फर्म, कम्पनी वा सहकारीबाट कुनै मार्ग वा रुट निर्धारण गर्न माग भएमा नगरपालिकाले त्यस्तो सवारी साधन सञ्चालन हुने स्थान तोकी नमूना मार्ग वा रुट निधार्रण गर्न सक्नेछ ।

९. **मार्ग वा रुट निर्धारण सम्बन्धी व्यवस्था :** (१) नगरपालिका भर सहज, सरल र सुरिक्षित तवरले छोटो मार्ग (स्थानीय मार्ग)को मार्ग निधार्रण यसै ऐनको दफा ५९ बमोजिमको नगर यातायात व्यवस्थापन समितिले गर्नेछ ।

उपदफा (१) बमोजिमको समितिले मार्ग/रुट निधार्रण गर्दा सम्बन्धित सडकको स्तर, अवस्था, सो सडकमा चल्न सक्ने सवारी साधनको किसिम, सो सडकमा आवागमन गर्न यात्रीको चाप तथा माग, सम्बिन्धत वडा कार्यालयको सिफारिश र सो सडक हस्तान्तरण हुंदाका शर्तहरु समेतलाई ध्यानमा राखु पर्नेछ।

१०. **मास ट्रान्सपोर्टलाई प्राथमिकता दिने:** नगरपालिकाले सडकको अवस्था एवं सवारी चापको आधारमा सार्वजनिक सुचना प्रकासन गरी मास ट्रान्सपोर्टलाई प्राथमिकता दिई निर्धारित लेन प्रयोग गर्ने गरी स्वीकृती दिन सक्नेछ ।

११. **मार्ग इजाजत नलिई यातायात सेवा सञ्चालन गर्न नहुने** यसै कार्यविधिको दफा ७ बमोजिमको निर्धारित मार्ग इजाजत प्राप्त नगरी कुनै पनि सार्वजनिक सवारीले यातायात सेवा सञ्चालन गर्नु हुँदैन ।

१२. **मार्ग इजाजतको लागि दरखास्त:** यातायात सेवा सञ्चालन गर्नको निमित्त कुनै सार्वजनिक सवारीलाई कुनै मार्ग प्रयोग गर्नु परेमा व्यवस्थापक वा सवारी धनिले अधिकार प्राप्त अधिकारी समक्ष मार्ग इजाजतपत्रको लागि निवेदन दिनु पर्नेछ ।

१३. **मार्ग इजाजतपत्र दिनु पर्ने** (१) दफा १२ बमोजिम मार्ग इजाजतपत्रको लागि निवेदन परेमा अधिकार प्राप्त अधिकारीले त्यस्तो सार्वजनिक सवारीलाई नगरपालिका भर सञ्चालन गर्न सकिने गरी इजाजत पत्रमा तोकिएको मार्ग मात्र प्रयोग गर्न अनुसुची ३ बमोजिमको ढाँचामा मार्ग इजाजतपत्र दिनु पर्छ ।

(२) नगरपालिकाले सार्वजनिक रुपमा सुचना प्रकाशन गरी कुनै रुट वा एरियामा रुट परमिट जारी गरी सो रुट वा एरियामा चल्ने सवारीको किसिम एवं संख्या तोक्न सक्ने छ ।

(३) उपदफा (१) बमोजिम दिएको मार्ग इजाजत पत्र एक बर्ष सम्म बहाल रहनेछ ।

१४. **मार्ग इजाजत सम्बन्धी व्यवस्था:** दफा १३ बमोजिम कुनै सार्वजनिक सवारीलाई मार्ग इजाजतपत्र दिंदा त्यस्तो सार्वजनिक सवारीको धनी वा व्यवस्थापकले देहायका कुराह पुरा गरे नगरेको अधिकार प्राप्त अधिकारीले

जाच गरि पुरा गरेको भए मात्र त्यस्तो सार्वजनिक सवारीलाई मार्ग इजाजतपत्र दिनु पर्नेछ ।

(क) सवारी चालक, परिचालक, सुरक्षाकर्मी, सवारीमा काम गर्ने कर्मचारी, तेस्रो पक्ष विमा र यात्रुवाहक सवारी भए यात्रु विमा,

(ख) सवारीको जाँचपास, र

(ग) सवारी दर्ताको प्रमाणपत्र

(घ) सवारी अभिलेख दर्ता प्रमाणपत्र

१५. **मार्ग इजाजत परिवर्तन गर्नु परेमा :** (१) मार्ग इजाजत पत्रको समय समाप्त नहुँदै सो मार्ग इजाजत पत्रमा तोकिएको सार्वजनिक सवारीलाई अन्य कुनै मार्गमा प्रयोग गर्नु परेमा सवारी धनी वा व्यवस्थापकले पुन दफा १२ बमोजिम मार्ग इजाजत पत्रको लागि निवेदन दिइ मार्ग इजाजत लिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको निवेदन परेमा अधिकार प्राप्त अधिकारीले त्यस्तो सार्वजनिक सवारी साधनको लागि पहिले दिएको मार्ग इजाजत खारेज गरी नयाँ मार्ग इजाजत दिनुपर्नेछ ।

१६. **बहु मार्ग इजाजतपत्र दिन सकिने** (१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै सार्वजनिक सवारीले यातायात सेवा पुर्याइरहेको मार्गमा कुनै असर नपर्ने गरी सो मार्गसँग सम्बन्धित हुन आउने अन्य मार्गमा समेत उक्त सार्वजनिक सवारी साधन प्रयोग गर्न पाउने गरी अधिकार प्राप्त अधिकारीले व्यवस्थापन समितीसंग परामर्श गरी मार्ग इजाजतपत्र दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम एकभन्दा बढी मार्गमा यातायात सेवा सञ्चालन गर्न पाउने गरी बहु मार्ग इजाजतपत्र दिँदा त्यस्तो प्रत्येक मार्गको लागि लाग्ने मार्ग दस्तुर समेत सार्वजनिक सवारीको धनी वा व्यवस्थापकले बुझाउनु पर्नेछ ।

**१७. पटके मार्ग इजाजतपत्र लिनुपर्नेः** (१) विशेष काम परी कुनै सार्वजनिक सवारीलाई मार्ग इजाजतपत्रमा लेखिएको मार्ग बाहेक अन्य कुनै मार्गमा चलाउनु परेमा त्यस्तो सार्वजनिक सवारीको धनी वा व्यवस्थापकले पटके मार्ग इजाजतको लागि निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन परेमा अधिकार प्राप्त अधिकारीले आवश्यक छानविन गरी व्यहोरा ठीक देखेमा बढीमा सात दिनसम्मको लागि पटके मार्ग इजाजतपत्र दिन सक्नेछ ।

**१८. मार्ग इजाजतप  दिन इन्कार गर्न सकिनेः** यस कार्यविधिमा जुनसुकै कुरा लेखिएको भएतापनि कुनै मार्गमा यातायात सेवा सञ्चालन गर्न मार्ग इजाजत पत्र प्रदान गर्दा त्यस्तो मार्गमा यात्रीको चाप र सार्वजनिक सवारी साधनको संख्या, प्रदुषण वा तोकिएको स्तर नभएका वा अन्य कुनै कारणबाट मार्ग इजाजत प्रदान गर्दा सार्वजनिक हितको प्रतिकुल हुन जान्छ भन्ने अधिकार प्राप्त अधिकारीलाई लागेमा निजले व्यवस्थापन समितिसँग परामर्श गरी मार्गको इजाजतपत्र दिन इन्कार गर्न सक्नेछ । तर त्यसरी इन्कार गरिएको कारण खुलाई जानकारी गराउनु पर्नेछ ।

**१९. मार्ग इजाजत नवीकरणः** (१) दफा १३ बमोजिमको इजाजतपत्रमा लेखिएको म्याद सकिनु भन्दा पन्ध्रदिन अगावै त्यस्तो मार्ग इजाजतपत्र नविकरणको लागि निवेदन दिनु पर्नेछ ।

(२) सवारी धनी, व्यवस्थापक वा निजह  ले खटाएको व्यक्तिले उपदफा (१) बमोजिम मार्ग इजाजतप  नवीकरण गराउनको लागि तोकिएको ढाँचामा तोकिएको दस्तुर समेत संलग्न राखी अधिकार प्राप्त अधिकारी समक्ष निवेदन दिनु पर्नेछ।

(३) उपदफा ( २) बमोजिम नवीकरणको लागि निवेदन परेमा अधिकार प्राप्त अधिकारीले त्यस्तो मार्ग इजाजतप  अर्को एक वर्षको लागि नवीकरण गर्नु पर्नेछ ।

(४) उपदफा (१) बमोजिमको म्याद नाघी मार्ग इजाजतप  नवीकरण गराउन आउने सवारी धनीबाट सो म्याद नाघेको एक महीनासम्म नवीकरण

दस्तुरको अतिरिक्त शत तिशत थप दस्तुर लिई त्यस्तो मार्ग इजाजतप नवीकरण गर्नु पर्नेछ।

२०. **मार्ग इजाजतप स्वत: र हुने :** (१) दफा १९ को उपदफा (४) बमोजिम निर्धारित अविधसम्म पनि नवीकरण नगरिएमा त्यस्तो मार्ग इजाजतप स्वतः र हुनेछ ।

(२) उपदफा ( १) बमोजिम र भएको मार्ग इजाजतप को अभिलेख हटाइनेछ।

(३) उपदफा ( २) बमोजिम अभिलेख हटाइएको मार्ग इजाजतप नवीकरण गरिने छैन।

**२१. पुनः मार्ग इजाजतप दिन सकिने :** दफा २० बमोजिम र भई अभिलेख कट्टा भएको मार्ग इजाजतप मा लेखिएको सावर्जनिक सवारीको लागि पुनः मार्ग इजाजतप लिन आएमा त्यस्तो सवारीको धनी वा व्यवस्थापकबाट दफा १९ बमोजिम लिनु पर्ने नवीकरण तथा थप दस्तुर समेत लिई निजलाई एक हजार पैयांदेखि तीन हजार पैयासम्म जरिवाना गरी त्यस्तो सवारी चलाउन दफा १३ बमोजिम अर्को मार्ग इजाजतप दिनु पर्नछ।

२२. **मार्ग इजाजतपत्र स्थगित गर्न सकिने :** (१) यस कार्यविधि बमोजिम मार्ग इजाजतप लिएको कुनै सार्वजनिक सवारी दुघर्टनामा परी वा अन्य कुनै कारणबाट बिग्री छ महीना वा सो भन्दा बढी अविधसम्म चलाउन नसकिने भएमा सवारी धनीले सो व्यहोरा खुलाई मार्ग इजाजतप संलग्न राखी अधिकार प्राप्त अधिकारी समक्ष त्यस्तो मार्ग इजाजतप स्थगित गर्नका लागि निवेदन दिनु पर्नेछ।

(२) उपदफा ( १) बमोजिमको निवेदन परेमा अधिकार प्राप्त अधिकारीले आवश्यक छानिबन गरी उपयुक्त देखेमा त्यस्तो सार्वजनिक सवारी चलाउन नसिकने अवधिसम्मका लागि त्यस्तो सवारीको मार्ग इजाजतपत्र स्थगित गर्न सक्नेछ ।

(३) मार्ग इजाजतप मा तोकेको मार्गमा सार्वजनिक सवारी साधन सञ्चालन नगरी जनजीवनमा तिकूल असर पर्ने गरी यातायात सेवा अव गरेमा त्यस्ता सवारीह को मार्ग इजाजतप बढीमा एक महीनासम्मको लागि स्थगित गर्न सक्नेछ।

२३. **मार्ग इजाजतप खारेज हुने :** कुनै सार्वजनिक सवारीले देहायको कसूर गरेको पाइएमा अधिकार प्राप्त अधिकारीले त्यस्तो सवारी साधनको मार्ग इजाजतप खारेज गर्न सक्नेछः–

(क) यात्री बाहक सवारीले सवारी दर्ताको प्रमाणप मा लेखिएको सिट संख्याभन्दा बढी यात्री राखी सवारी चलाएमा,

(ख) यात्री बाहक सवारी साधनले मालसामान (यात्रीको झिटिगुन्टा बाहेक) बोकेमा र मालबाहक सवारी साधनले यात्री बोकेमा,

(ग) ट इजाजत नलिएको मार्गमा सवारी चलाएमा,

(घ) सवारी साधनको स्व प बदलेको पाइएमा।

२४. **मार्ग इजाजतप र गर्न सकिने :** (१) इजाजतप मा तोकेको मार्गमा तोकिएको शर्तमा सार्वजनिक सवारी साधन सञ्चालन नगरेमा अधिकार प्राप्त अधिकारीले त्यस्तो सवारीको मार्ग इजाजतप र गर्न सक्नेछ।

(२) यस कार्यविधिमा बमोजिम मार्ग इजाजतप लिएको कुनै सावर्जिनक सवारी चलाउन नसिकने गरी बिग्रिएमा वा नासिएमा त्यस्तो सवारीको धनी वा व्यवस्थापकले सोको माण संलग्न राखी मार्ग इजाजतप को मान्यता र गराउन अधिकार प्राप्त अधिकारी समक्ष निवेदन दिनु पर्नेछ।

२५. **मार्ग इजाजतप को तिलिपि दने :** (१) मार्ग इजाजतप हराएमा, च्यातिएमा, झुत्रो भई नबुझिने भएमा वा अन्य कुनै कारणबाट नासिएमा सो भए गरेको मितिले सात दिन भि सवारी धनी वा व्यवस्थापकले मार्ग इजाजतप को तिलिपिको लागि तोकिएको ढाँचामा तोकिएको दस्तुर समेत संलग्न राखी सम्बन्धित अधिकार प्राप्त अधिकारी समक्ष निवेदन दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम परेको निवेदन उपर अधिकार प्राप्त अधिकारीले आवश्यक छानिबन गरी व्यहोरा ठीक देखेमा निवेदकलाई मार्ग इजाजतप को प्रतिलिपि दिनेछ ।

**२६. जाँचपास गराउनु पर्ने :** (१) कुनै पनि सार्वजनिक सवारीको मार्ग इजाजतप लिन प्रचलित कानून बमोजिम त्यस्तो सवारीको जाँचपास गराएको हुनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम जाँचपास नगराएको कुनै पनि सार्वजनिक सवारीको लागि मार्ग इजाजतप  दिइने छैन।

(३) यस ऐन बमोजिम जाँचपास गराउनु पर्ने सवारी जाँचपासका लागि प्रचलित मापदण्ड भित्र नरहेको अवस्थामा पनि सञ्चालन गरेको पाइएमा त्यस्तो सवारीको मार्ग इजाजतप  अधिकार प्राप्त अधिकारीले बाँकी अविधको लागि छ महिनासम्म निलम्बन वा खारेज गर्न सक्नेछ।

**२७. यातायात सेवाको अभिलेख सम्वन्धी व्यवस्था :**(२) यातायात सेवाको नाम नगरपालिकामा सुचिकृत गर्न चाहने सवारी धनी वा व्यवस्थापकले त्यस्तो सेवा सूचीकरणको लागि तोकिएको ढाँचामा तोकिएको दस्तुर समेत संलग्न राखी नगरपालिका समक्ष निवेदन दिनु पर्नेछ।

(३) उपदफा (२) बमोजिम परेको निवेदन उपर नगरपालिकाले आवश्यक छानिबन गरी त्यस्तो यातायात सेवाको नाम सूचीकरण गरी उपयुक्त देखेमा सो नामबाट यातायात सेवा सञ्चालन गर्न निवेदकलाई अनुसूची ७ बमोजिमको ढाँचामा अनुमितप  दिनेछ।त्यसरी यातायात सेवा सञ्चालन गर्न अनुमितप  प्राप्त सवारी धनी वा व्यवस्थापकले त्यस्तो यातायात सेवा  दान गर्ने कार्य बन्द गर्न  चाहेमा नगरपालिकाको पूर्व स्वीकृति लिनु पर्नेछ।

(४) उपदफा (३) बमोजिम दिइएको अनुमितप  सो दिइएको मितिले दुई वर्षसम्म बहाल रहनेछ।

**२८. यातायात सेवा सञ्चालन गर्न अनुमतिप को नवीकरण :** (१) दफा २७ को उपदफा (४) बमोजिमको म्याद नाघेको तीन महीनाभि  यातायात सेवा सञ्चालन गर्न दिइएको अनुमितप  नवीकरण गरी सक्नु पर्नेछ।

(२) सवारी धनी, व्यवस्थापक वा निजह ले खटाएको व्यक्तिले उपदफा ( १) बमोजिम अनुमितप नवीकरण गराउनको लागि तोकिए बमोजिमको ढाँचामा दस्तुर सहित नगरपालिका समक्ष निवेदन दिनु पर्नेछ।

(३) उपदफा ( २) बमोजिम नवीकरणको लागि निवेदन परेमा नगरपालिकाले त्यस्तो अनुमितप अर्को पाँचवषर्को लागि नवीकरण गर्नु पर्नेछ।

(४) उपदफा (१) बमोजिमको म्याद नाघी त्यस्तो अनुमतिप नवीकरण गराउन आउने सवारी धनी वा व्यवस्थापकबाट सो म्याद नाघेको एक महिनासम्म नवीकरण दस्तुरको अतिरिक्त शत तिशत थप दस्तुर लिई नवीकरण गरिनेछ।

२९. **यातायात सेवा सञ्चालन गर्न अनुमितप स्वतः र हुने** : (१) दफा २८ को उपदफा ( ४) बमोजिम निर्धारित अविधिभि यातायात सेवा सञ्चालन गर्न अनुमतिप नवीकरण नगराएमा त्यस्तो अनुमतिप स्वतः र हुनेछ।

(२) उपदफा ( १) बमोजिम र भएको अनुमतिप को अभिलेख हटाइनेछ।

(३) उपदफा ( २) बमोजिम अभिलेख हटाइएको अनुमतिप पुनः नवीकरण गरिने छैन।

३०. **भाडा निर्धारण गर्ने :** (१) कुनै मार्ग यातायात सेवा सञ्चालन गर्ने यात्रीबाहक तथा मालबाहक सार्वजनिक सवारीले लिने भाडा दर दफा ५९ बमोजिमको समितिले निर्धारण गरेबमोजिम हुनेछ।

(२) यात्रीले आफूसँग निःशुल्क लैजान पाउने यात्री गुण्टाको (मालसामान) अधिकतम वजन र सो बाहेक भाडा तिरी आफूसँग लैजान पाउने यात्रीगुण्टाको अधिकतम वजन तथा भाडा तोकिए बमोजिम हुनेछ।

(३) यस दफा बमोजिम तोकिएको भाडा दरभन्दा बढी हुने गरी भाडा लिनु हुँदैन।

**३१. माल ढुवानी सम्बन्धी व्यवस्था** : मालबाहक सार्वजनिक सवारीले कुनै पनि किसिमको माल ढुवानी गर्दा मालसामानको धनीलाई त्यतो मालसामानको विवरणसहित उल्लेख गरिएको माल ढुवानीको बिल दिनु पर्नेछ।

**३२. यात्री सूची तयार गर्नुपर्ने :** नगरपालिकाले तोके बमोजिमको स्थानीय मार्ग यातायात सेवा सञ्चालन गर्ने व्यवस्थापक वा सवारी धनीले आफ्नो सवारीमा यात्रा गर्ने सबै यात्री, परिचालक, सुरक्षाकर्मी तथा सो सवारीमा काम गर्ने अन्य कमर्चारी समेतको नाम, उमेर र ठेगाना खुलाई यात्रीको सूची तयार गर्नु पर्नेछ। त्यसरी तयार गरिएको यात्री सूची अधिकार प्राप्त अधिकारीले खोजेको बखत उपलब्ध गराउने गरि दुरुस्त राख्नु पर्नेछ ।

**३३. यात्री र मालसामान सुरक्षित रुपमा पुऱ्याउनु पर्नेः** (१) सार्वजनिक यातायात सेवाका धनी वा व्यवस्थापकले मालसामान वा यात्रीको जिम्मा लिएपछि यात्रीको शु देखि गन्तव्य स्थानसम्म निर्धारित समयभि सुरक्षासाथ पुर्याउनु निजको कतर्व्य हुनेछ। तर यात्रीलाई असुविधा हुने गरी गन्तव्य स्थानमा पुग्ने समय निर्धारण गर्न हुँदैन।

(२) कुनै सार्वजनिक सवारी विग्रेमा वा विभिन्न कारणले सवारी शि बनाउन नसिकने भएमा पनि यात्रीको सुविधालाई ध्यान पुर्याउनु र सवारीमा रहेको मालसामानको सुरक्षा गर्नु त्यस्तो सवारीको चालक, परिचालक, सुरक्षाकर्मी वा कमर्चारीको दायित्व हुनेछ।

(३) उपदफा (२) मा लेखिएको अवस्था परी सवारी अघि बढाउन नसिकने भएमा पनि सवारी धनी वा व्यवस्थापकले यात्रीह लाई गन्तव्य स्थानसम्म पुर्याउने व्यवस्था गर्नु पर्नेछ।

**३४. सीटभन्दा बढी यात्री राख्न नहुने :** यात्रीबाहक सार्वजनिक सवारीमा सो सवारीको दर्ताको माणप मा लेखिएको सीट संङ्ख्या भन्दा बढी यात्री राखी चलाउन हुँदैन।

**३५. मार्गको नक्सा र समय तालिकाको जानकारी गराउने :** (१) अधिकार प्राप्त अधिकारीले त्येक बस बिसौनीमा सो बस बिसौनीबाट प्रस्थान गर्ने गन्तव्य स्थानको मार्गको नक्सा र सार्वजनिक सवारी प्रस्थान गर्ने समय तथा गन्तव्य

स्थानमा पुग्ने समय तालिका जानकारीको लागि टाँस वा जडान गर्न लगाउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम टाँसिएको वा जडान गिरएको मार्ग, नक्सा वा समय तालिकामा कुनै फेरबदल भएमा अधिकार प्राप्त अधिकारी वा निजले खटाएको व्यक्तिले सोको सूचना तु न्त यात्रीलाई दिने व्यवस्था गर्नु पर्नेछ।

३६. **प्राथमिकता दिनु पर्ने :** स्थानीय मागर्मा चल्ने यात्रीबाहक सार्वजनिक सवारीमा अशक्त व्यक्ति तथा महिलाहरुलाई प्राथमिकता दिनुपर्ने कतर्व्य सो यातायात सेवा सञ्चालन गर्ने व्यवस्थापक वा सवारी धनीको हुनेछ।

३७. **अनुचित व्यवहार गर्न नहुनेः** कसैले पनि यात्री, चालक, परिचालक तथा सुरक्षाकर्मीसँग अनुचित व्यवहार गर्नु हुँदैन।

३८. **चालकसँग कुरा गर्न नहुने** : सार्वजनिक सवारी चलाइरहेको समयमा कसैले पनि सो सवारीको चालकसँग कुरा गर्न वा निजलाई सवारी चलाउने कार्यमा बाधा पुग्ने कुनै कार्य गर्न वा गराउन हुँदैन।

३९. **फेला परेको मालसामान बुझाउनु पर्ने** : सार्वजनिक सवारीमा फेला परेको कुनै पनि मालसामान सो फेला परेको चौवीस घण्टाभि  तत्काल कार्यरत सो सवारीको कर्मचारीले सवारी धनी वा व्यवस्थापकलाई बुझाउनुपर्नछ। त्यसरी फेला परेको मालसामान सवारी धनी वा व्यवस्थापकले आफूलाई प्रा  हुन आएको चौबीस घण्टाभि  अधिकार प्राप्त अधिकारी वा नजिकको यातायात व्यवसायी संघको कायालर्यमा बुझाउनु पर्नेछ।

४०. **यात्री लिन इन्कार गर्न नहुने** : स्थानीय मार्गमा चल्ने सार्वजनिक सवारीले सवारी खालि रहेको अवस्थामा यात्री लिन इन्कार गर्न हुँदैन।

**४१. नगरपालिकाको विशेष अधिकार** : यस कार्यविधिमा अन्य जुनसुकै कुरा लेखिएको भए तापनी कुनै सार्वजनिक सवारीलाई कुनै खास अविधसम्मको लागि कुनै ठाउँमा यातायात सेवा सञ्चालन गर्नु पर्ने गरी सवारी धनी वा व्यवस्थापकलाई नगरपालिकाले आदेश दिन सक्नेछ।

## परिच्छेद – ४
## आवागमन नियन्त्रण

**४२. सवारीको गति निर्धारण :** (१) नगरपालिकाले कुनै सार्वजनिक स्थानका सम्बन्धमा सवारी चलाउने गति निर्धारण गर्न आवस्यक देखेमा सो स्थानमा सवारीको गति निधार्रण गरी सोभन्दा बढी वेगमा सवारी चलाउन निषेध गर्न सक्नेछ। यसरी गति निर्धारण गरिएको स्थानमा सो निर्धारित गतिभन्दा बढी गतिमा सवारी चलाउन हुँदैन।

(२) उपदफा (१) बमोजिम गति निर्धारण गरी बढी वेगमा सवारी चलाउन निषेधित सार्वजनिक स्थानमा निर्धारित गति सम्बन्धी सूचना वा संकेत नगरपालिकाले टाँस्न वा जडान गर्न लगाउनु पर्नेछ।

(३) दमकल, एम्बुलेन्स तथा बिरामी लैजाने कामको सिलसिलामा चलाइएको सवारीको हकमा उपदफा (१) लागू हुने छैन। तर त्यस्तो सवारीले सडकमा हिड्ने बटुवा तथा अन्य सवारीलाई सचेत गर्नको निम्ति विशेष किसिमको ध्वनी तथा बत्तीको योग गर्नु पर्नेछ।

४३. **सवारी चलाउन तिबन्ध लगाउने** : यस कार्यविधिमा अन्य जुनसुकै कुरा लेखिएको भए तापनि नगरपालिकाले सावर्जिनक सुरक्षा तथा सर्वसाधारणको भलाईको निमि कुनै सार्वजनिक स्थानमा कुनै सवारी चलाउनमा तिबन्ध लगाउन सक्नेछ। यसरी तिबन्ध लगाइएकोमा नगरपालिकाले सो कुराको सूचना त्यस्तो स्थानमा टाँस्न वा जडान गर्न लगाउनु पर्नेछ।

४४. **सवारी साधन चलाउन रोक लगाउने** : अधिकार प्राप्त अधिकारीले सूचना काशन गरी वा उपयुक्त ट्राफिक व्यवस्थापनका आवश्यक साधन योग गरी स्थानीय मार्गमा सञ्चालित कुनै सवारी चलाउन रोक लगाउन वा एकतर्फि सञ्चालन गर्न वा केही दिन वा केही समय रोक्न सक्नेछ।

४५. **ट्राफिक संकेत टाँस्ने, टाँग्ने वा जडान गर्ने** : (१) नगरपालिकाले आवश्यक देखेको सार्वजनिक स्थानह मा अन्तरा य चलन अनु पको रंग, आकार र नमूना बमोजिमको आवश्यक ट्राफिक संकेत टाँस्न, टाँग्न वा जडान गर्न लगाउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम टाँसिएको, टाँगिएको वा जडान गिरएको ट्राफिक संकेत नगरपालिकाले वा नगरपालिकाले खटाएको व्यक्ति बाहेक अ कसैले सो स्थानबाट हटाउन, बदल्न, हेरफेर गर्न मेट्न, च्या वा केरमेट गर्न हुँदैन।

**४६. ट्राफिक संकेतको पालन गर्नु पर्ने** : (१) चालकले सवारी चलाउँदा यात्री र पैदल यात्री ट्राफिक संकेतको पालन गरी सवारी चलाउनु पर्नेछ।

(२) चालक, यात्री र पैदल यात्रीले पालन गर्नु पर्ने ट्राफिक संकेत संघिय तथा प्रादेशिक कानून बमोजिम हुनेछन्।

**४७. पार्किङ तथा बस बिसौनी स्थान र चार्जिङ स्टेशन निधार्रण गर्ने :** (१) नगरपालिकाले सवारीको पार्किङ विल्डिङ पार्किङ, खुल्ला पार्किङ, बस बिसौनी स्थान चार्जिङ स्टेशन आफै बनाउन/निधार्रण गर्न सक्नेछ।

(२) नगरपालिकाले निधार्रण गरेको स्थानलाई सरोकारवाला निकायले सहयोग गर्नु पर्नेछ।

(३) स्थानीय सडक कार्यालय, ट्राफिक हरी कायार्लय र स्थानिय तहका पदाधिकारीहरु तथा प्रदेशको सम्बन्धित मन्त्रालयसँग समन्वय गरी सवारीको पार्किङ्ग र बिसौनी निधार्रण गर्नु पर्नेछ।

(४) कुनै व्यक्ति, फर्म वा कम्पनीको निजी लगानीमा पार्किङ स्थानको निर्माण तथा सञ्चालन गर्दा पालन गर्नु पर्ने मापदण्ड संघिय तथा प्रादेशिक कानून बमोजिम हुनेछ ।

**४८. सवारीलाई खतरा हुने किसिमबाट राख्न नहुने :** (१) कुनै पनि सवारी अ कुनै सवारी वा व्यक्तिलाई खतरा, बाधा वा असुविधा हुने गरी कुनै सार्वजनिक स्थानमा राख्न हुँदैन।

(२) कुनै सवारी चलाउँदा चलाउँदैको अवस्थामा बि एमा त्यस्तो सवारी तत्काल अन्य लान सकिने स्थिति नभएमा दुघर्टना नहुने किसिमबाट सडकको बायाँ किनारा लगाई राखी रातीको समयमा त्यस्तो सवारीलाई अन्य सवारीले टाढैबाट देख्न सक्ने गरी रातो बत्ती वा रिफ्लेक्टर लगाई राख्नु पर्नेछ।

**४९. सवारीको अन्य भागमा मानिस राख्न नहुने :** कुनै सवारी चालक वा सवारी धनी वा व्यवस्थापकले सानो सवारीमा यात्री बस्न बनेको सीट बाहेक सवारीको अन्य भागमा र स्थानीय मार्ग चल्ने सवारीमा यात्री बस्न बनेको सीट एवं भित्री भाग बाहेक अन्य भागमा यात्री राखी सवारी चलाउन वा चलाउन लगाउन हुँदैन।

**५०. चालकलाई बाधा पुग्ने काम गर्न नहुने :** कसैले चालकको क्षे (डाईभर क्याविन) भित्र चालकलाई त्यक्ष वा अ त्यक्ष रुपमा बाधा पुग्ने गरी मालसामान राखी वा आफू उभीई वा अन्य कुनै कारबाट बाधा पुग्ने किसिमको व्यवहार गर्न हुँदैन।

**५१. सवारी विसौनी सम्वन्धी व्यवस्थाः** नगरपालिकाले सवारीको पार्किङ तथा यात्रु चढाउने र ओराल्ने स्थानको निर्धारण गर्नेछ ।तोकिएको स्थान वाहेक अन्यत्र पार्किङ तथा यात्रु चढाउने ओराल्ने सवारी साधनलाई नगरपालिकाले तोकेबमोजिम जरिवाना गर्न सक्नेछ ।

स्पष्टीकरणः यस दफामा उल्लेखित सवारी साधन शव्दले नगरक्षेत्रभित्र प्रवेश गर्ने र विश्राम गर्ने सबै सवारी साधनलाई जनाउँछ ।

**५२. आवागमनमा बाधा पार्न नहुने :** (१) कुनै पनि सार्वाजनिक स्थानमा कुनै पनि मानिस वा सवारीको आवागमनमा बाधा पुग्ने गरी मालसामान वा निमार्ण सामाग्री लगायतका अन्य सामाग्री लगायतका राख्न हुँदैन।

(२) उपदफा (१) को तिबन्धात्मक वाक्यांश बमोजिम स्वीकृति नलिई राखिएका मालसामान वडा कायार्लयले चिलत कानून बमोजिम जफत वा जरिवाना गर्न सक्नेछ।

**५३. सवारीमा सार्केतिक चिन्ह राख्नु पर्ने :** कुनै पनि किसिमको खतरापूर्ण मालसामान ढुवानी गर्ने कार्यमा संलग्न मालबाहक सार्नजनिक सवारीमा त्यस्तो मालसामान रहेको कुरा अन्य सवारी तथा सवर्साधारणको जानकारीको लागि सांकेतिक चिन्ह देखिने गरी राख्नु पर्नेछ।

## परिच्छेद– ५

## सवारी साधन कर सम्बन्धी व्यवस्था

**५४. कर असूल गर्न** : त्येक आर्थिक वर्षका लागि चलित कानुन बमोजिम सवारी साधन अभिलेख दर्ता कर तथा रुट ईजाजत शुल्क बुझाउनु पर्नेछ।

**५५. कर बुझाउने :** (१) करदाताले आफनो नाममा अभिलेख दर्ता भएको सवारी साधनमा लाग्ने कर त्येक आर्थिक वर्ष भित्र बुझाई सक्नु र्पनेछ।

(२) उपदफा (१) बमोजिम नयाँ अभिलेख दर्ता गर्ने सवारी साधनको हकमा त्यस्तो सवारी साधन दर्ता भएको महिनादेखिको दामासाहीले लाग्ने कर बुझाउनु र्पनेछ।

**५६. अभिलेख दर्ता नवीकरण वा नामसारी गर्नु अगावै कर तिर्नु पर्ने** : सवारी साधनको दर्ता नवीकरण गराउनु वा नामसारी गराउनु र्पदा सो गनुर्भन्दा अगावै चलित कानून बमोजिमको कर तिर्नु पर्नेछ।

**५७. दर्ता गर्ने अधिकारीले कर तिरेको माण हेर्नु पर्ने**: सवारी साधनको नयाँ दर्ता गर्ने, दर्ता नवीकरण गर्ने वा नामसारी गरी दिने अधिकारीले सो गर्नुभन्दा अगावै कर तिरेको माण जाँची बुझी दिनु पर्नेछ।

**५८. जरिवाना गर्न सक्ने** : दफा ५५ बमोजिमको म्यादभि दस्तुर रकम नबुझाएमा तोकिएको अधिकारीले देहाय बमोजिम जरिवाना गर्नेछ :–

(क) म्याद नाघेको पहिलो तीस दिनसम्मलाई पाँच प्रतिशतका दरले,

(ख) त्यस पछिको पैतालीस दिनसम्मलाई दश तिशतका दरले,

(ग) त्यसपछि सो आर्थिक वर्षको अन्तसम्मलाई बीस तिशतका दरले,

(घ) त्यसपछि सो आर्थिक वर्ष नाघेमा पाँच वर्ष सम्म दोव्वर दस्तुर तिर्नु पर्नेछ।

## परिच्छेद– ६
## समिति गठन तथा काम, कतर्व्य र अधिकारः

**५९. नगर यातायात व्यवस्थापन समिति :** नगरपालिका क्षेत्रमा चल्ने सावर्जिनक सवारीलाई व्यवस्थित पमा सञ्चालन गर्न देहायका सदस्यह रहने गरी नगर स्तरीय यातायात व्यवस्थापन समिति गठन गरिनेछ:–

| | |
|---|---|
| (क) नगर प्रमुख | अध्यक्ष |
| (ख) मुख प्रशासकीय अधिकृत, नगरपालिका | सदस्य |
| (ग) जिल्ला शासन कार्यालयको अधिकृत तिनिधि | सदस्य |
| (घ) जिल्ला हरी कायार्लयको अधिकृत तिनिधि | सदस्य |
| (ङ) जिल्ला ट्राफिक हरी कायार्लयको अधिकृत तिनिधि | सदस्य |
| (ङ) नगर प्रमुखले तोकेको उपभोक्ताह को तिनिधि एकजना | सदस्य |
| (च) यातायात व्यवसायीको तिनिधि एकजना सदस्य | सदस्य |
| (छ) नगरपालिकाको यातायात व्यवस्था हेर्ने शाखाको प्रमुख | सदस्य सचिव |

**६०. नगर यातायात व्यवथास्थापन समितिको काम, कतर्व्य र अधिकारः** नगर यातायात व्यवस्थापन समितिको काम, कतर्व्य र अधिकार देहाय बमोजिम हुनेछ:–

(क) आफ्नो क्षे भि चल्ने यातायात सेवा निवार्ध पमा सञ्चालन गर्न सार्वजनिक सवारीह लाई यातायात सेवा सञ्चालन गर्ने कार्यमा संलग्न गराउने ।

(ख) आफ्नो क्षे भि मार्ग कायम नभएको ठाउँमा केही समयको लागि मार्ग कायम गरी यातायात सेवा सञ्चालन गर्नु पर्ने भए अस्थायी मार्ग कायम गरी सो मार्गमा चल्ने सार्वजनिक सवारीको भाडा निर्धारण गर्ने ।

(ग) आफ्नो क्षे भि सार्वजनिक सवारीह ले मार्गको इजाजतप लिई यातायात सेवा सञ्चालन गरे नगरेको, समय समयमा सो को नवीकरण गरे नगरेको निरीक्षण गर्ने वा गर्न लगाउने ।

(घ) आफ्नो क्षे भि  चल्ने सार्वजनिक सवारीह ले समय समयमा जाँचपास गरे नगरेको र यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमको अधीनमा रही नियमित यातायात सेवा  दान गरे नगरेको समय समयमा निरीक्षण गर्ने वा गर्न लगाउने ।

(ङ) आफ्नो क्षे भि  यात्रीको चाप र सवारीको संख्या इत्यादिको अध्ययन गरी कुनै ठाउँमा यातायात सेवा सञ्चालन गर्नु पर्ने आवश्यक देखेमा सो क्षे मा मार्ग निर्धारण गर्ने तथा आवश्यकता अनुसार नगर वस समेत सञ्चालनको व्यवस्था गर्ने ।

(च) स्थानीय मार्ग वा रुट निर्धारण गर्ने ।

(छ) स्थानीय मार्गमा सञ्चालित सार्वजनिक यातायातको भाडा निर्धारण गर्ने ।

(ज) आफ्नो क्षे भि  यातायात सेवा सुव्यवस्थित  पमा सञ्चालन गर्न अन्य आवश्यक काम कारबाही गर्ने ।

६१. **यातायात निरीक्षक तोक्न सक्ने:** यो कार्यविधिको अधीनमा रही सवारीह चलाएको वा नचलाएको र यातायात सेवामा संलग्न सार्वजनिक सवारीह ले यो कार्यविधि बमोजिम पालन गर्नु पर्ने शर्तहरु पूरा गरे नगरेको निरीक्षण गर्न नगरपालिकाले कुनै कर्मचारीलाई यातायात निरीक्षक तोक्न सक्नेछ।

६२. **यातायात निरीक्षकको काम, कर्तव्य र अधिकार :** यातायात निरीक्षकको काम, कर्तव्य र अधिकार देहाय बमोजिम  हुनेछ :–

(क) यातायात सेवामा संलग्न सार्वजनिक सवारीले मार्ग को इजाजतप  प्राप्त मार्गमा यातायात सेवा सञ्चालन गरे नगरेको निरीक्षण गर्ने,

(ख) यातायात सेवामा संलग्न भएका सार्वजनिक सवारीह ले निर्धारित सीट तथा वजन क्षमताका अधीनमा रही यात्री राख्ने तथा मालसामान लाद्ने कार्य गरे नगरेको निरीक्षण गर्ने,

(ग) यातायात सेवामा संलग्न सवारीह ले समय समयमा यस कार्यविधि बमोजिम गर्नु पर्ने जाँचपास गराए नगराएको तथा त्यसरी सञ्चालित सेवाको अभिलेख दर्ता भए नभएको जाँच गर्ने,

(घ) यातायात सेवामा संलग्न सवारीले निर्धारित भाडादर बमोजिम भाडा लिएको नलिएको तथा निर्धारित गतिमा सवारी चलाइएको नचलाइएको कुराको निरीक्षण गर्ने,

(ङ) यो कार्यविधिको पालन चालक, परिचालक, सवारी धनी वा व्यवस्थापकले गरेको छ छैन भन्ने कुराको समय समयमा निरीक्षण गर्ने ।

## परिच्छेद – ७

## नगर यातायात सञ्चालन

**६३. नगर सार्वजनिक यातायात:** (१) सार्वजनिक यातायातको क्षे लाई मूलतः सरकारको दायित्वका पमा लिदै स्थानीय सरकारले नागिरकलाई सरल, सुलभ र सुविधायुक्त सार्वजनिक यातायात सेवा सञ्चालन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको सेवाको लागि नगरपालिकाले आवश्यकता अनुसार नगर भित्र सुरक्षित, गुणस्तरीय एवं आधुनिक साना तथा ठुला सार्वजनिक सवारी साधन सञ्चालन गर्ने व्यवस्था गर्न अनुसुचि ४ बमोजिमको ढाँचामा अनुमति पत्र दिइ सेवा सञ्चालन गर्न सक्नेछ ।

(३) नगरपालिकाले उपदफा (१) बमोजिमको सेवाको सञ्चालन सरकारी, साझेदारी, सार्वजनिक सहकारी र निजी एवं संयुक्त लगानीमा गर्ने व्यवस्था गर्न सक्नेछ ।

(४) उपदफा ( ३) बमोजिम सञ्चालन गरिने सार्वजनिक यातायातमा वातावरण मैत्री तथा विधुतीय सवारीलाई प्राथमिकता दिनु पर्नेछ।

(५) उपदफा ( १) बमोजिमको सवारीलाई नगरपालिकाले छुट एवं सहुलियत दान गर्न सम्वन्धमा आवश्यक व्यवस्था मिलाउन सक्नेछ।

(६) सार्वजनिक यातायात सम्बन्धी अन्य व्यवस्था संघिय तथा प्रदेश कानुन बमोजिम हुनेछ।

## परिच्छेद – ७

## विबिध

**६४. वाधा अडकाउ फुकाउनेः** यो ऐनको कार्यान्वनमा कुनै बाधा अड्काउ परेमा नगर कार्यपालिकाले फुकाउने छ ।

**६५. अनुसूचीमा हेरफेरः** यस ऐनको अनुसूचीमा कुनै संशोधन गर्नु परेमा नगरकार्यपालिकाले गर्नेछ ।

अनुसुची १

परिच्छेद- २ सँग सम्बन्धित

**सवारी अभिलेख दर्ता प्रमाणपत्रको ढाँचा**

धुलिखेल नगरपालिका

नगरकार्यपालिकाको कार्यालय

सवारी धनीको फोटो

सवारी दर्ता नः-
सवारीको किसिमः-
दर्ता मितिः-
सवारी धनीको नाम, थरः-
वतनः-
सवारी धनीको हस्ताक्षरः-.................. अधिकृतको सहीः-......................

सवारी धनीको फोटो

दर्ता गर्ने अधिकारीकोः-
हस्ताक्षरः-
मितिः-
नामसारी भएको मितिः-
सवारी धनीको नाम थर मितिः-

नामसारी गर्ने अधिकारीको
हस्ताक्षरः...................

अनुसुची २

परिच्छेद- ३ सँग सम्बन्धित

**<u>नामसारी</u>**

ठेगानाः-

सवारी धनी वा ब्यबस्थापकको दस्तखतः-

सवारीको किसिमः-

क्षमताः-..................... सवारी नम्वरः-.......................

चेसिस नम्वरः- .........................................

मितिः-.................. को निवेदन र मिति .................................... को नामबाट .................................. बस्ने श्री ............................... को नाउँमा नामसारी गरिएको छ ।

अधिकारी दस्तखतः-..............

मितिः-.........................

अनुसुची ३

परिच्छेद- ३ सँग सम्बन्धित

**मार्ग इजाजतको ढाँचा**

धुलिखेल नगरपालिका

नगरकार्यपालिकाको कार्यालय

इजाजत दिने अधिकारीको

नामः-

दर्जाः-

दस्तखतः-

मितिः-

चेसिसको लम्वाईः-

इन्जिन नं –

मोडेलः-

सवारी निर्माण गर्ने कम्पनी वा संस्थाको नाम र ठेगानाः-

इजाजत पत्र नं –

सवारीको किसिमः-

सवारी धनी वा ब्यबस्थापकको नामः-

| इजाजत पाएको क्षेत्र मार्ग | वहाल अबधि | इजाजत दिने वा नवीकरण गर्ने अधिकारीको दस्तखत र मिति |
|---|---|---|
| | | |

अनुसुची ४

परिच्छेद- ७ सँग सम्बन्धित

**नगर यातायत सेवा सञ्चालन गर्ने अनुमतिपत्रको ढाँचा**

धुलिखेल नगरपालिका

नगरकार्यपालिकाको कार्यालय

दर्ता नः-

दर्ता मितिः-

धुलिखेल नगरपालिका सवारी तथा यातायात व्यवस्थापन ऐन२०७६ को दफा ६३ बमोजिमको देहायको सेवा सञ्चालन गर्न यो अनुमतिपत्र दिइएको छ ।

१. ब्यक्ति/फर्म/कम्पनीको नामः-

२. ठेगानः-

३. सेवा सञ्चालनको मुख्य स्थानः-

४. सञ्चालन गर्ने सेवाको किसिमः-

५. धनी/साझेदार/सञ्चालक(मुख्य ब्यक्ति ) को नाम, थर र दर्जाः-

.......................................

सवारी धनीको सही

अधिकारी नामः .............. पदः..............

दस्तखतः-.............. मितिः-...............

.........................

आज्ञाले

तारानाथ लुईटेल

प्रमुख प्रशासकीय अधिकृत